# REGIONAL NEWS
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS

18:40 hrs 09.06.2024

- PM Swearing-In Ceremony

श्री नरेन्द्र मोदीको लगातार तेस्रोपल्ट प्रधानमन्त्रीको रूपमा शपथ ग्रहणको तयारी पूरा भइसकेको छ। राष्ट्रपति श्रीमती द्रौपदी मूर्मुले राष्ट्रपति भवनमा आज साँझ सात बजेर पन्द्र मिनटमा नयाँ मन्त्री परिषदलाई पद र गोपनीयताको शपथ दिलाउनुहुनेछ। श्री मोदीले शुक्रवार राष्ट्रपतिसित भेट गरेर नयाँ सरकार गठन गर्ने दावी पेश गर्नुभएको थियो।

शपथ ग्रहण समारोहमा छिमेकी देश र हिन्द प्रशान्त क्षेत्रका नेताहरूलाई पनि आमन्त्रित गरिएको छ। यस अवसरमा श्रीलंकाका राष्ट्रपति श्री रानिल विक्रमसिंघे, मालदीवका राष्ट्रपति डाक्टर मोहम्मद मुइज्जु, सेशेल्सका उपराष्ट्रपति श्री अहमद अफीफ, बांग्लादेशकी प्रधानमन्त्री श्रीमती शेख हसीना, मोरिशसका प्रधानमन्त्री श्री प्रविन्द कुमार जुगनाथ, नेपालका प्रधानमन्त्री श्री पुष्प कमल दाहाल प्रचण्ड र भूटानका प्रधानमन्त्री श्री छिरिङ तबगे शामेल हुनुहुनेछ।

मालदीव र श्रीलंकाका राष्ट्रपति अनि मोरिशस, नेपाल र भूटानका प्रधानमन्त्री शपथ ग्रहण समारोहका लागि आज नयाँ दिल्ली आइपुग्नुभयो। बांग्लादेशकी प्रधानमन्त्री र सेशेल्सका उपराष्ट्रपति भने हिजै दिल्ली आइपुग्नुभएको हो।

समारोहमा सिक्किमका राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्य तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पनि सहभागिता जनाइरहनुभएको छ।

--------------------------------------X--------------------------------------

- CM Swearing In

यता सिक्किममा मुख्यमन्त्री तथा सिक्किम क्रान्तिकारी मोर्चा पार्टी अध्यक्ष श्री प्रेमसिंह तामाङले एघारौं विधानसभाका निम्ति भोली अर्थात दश जून बेलुकी चारबजी पाल्जर स्टेडियममा दोस्रोपल्ट मुख्यमन्त्री पदको शपथ लिनुहुनेछ।

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले श्री प्रेमसिंह तामाङसहित उहाँको मन्त्री परिषदका सदस्यहरूलाई पनि पद अनि गोपनीयताको शपथ दिलाउनुहुनेछ। शपथ ग्रहण समारोहमा सहभागि बन्न राज्यवासीलाई आमन्त्रित गरिएको छ।

समारोहलाई ध्यानमा राख्दै गान्तोक नगर निगमको अधिकार क्षेत्रभित्रका सबै सरकारी र निजी शिक्षा संस्थानहरू भोली बन्द राखिनेछ। यो निर्णय व्यापक सुरक्षा प्रबन्ध र वाहनहरूको आवागमनमा प्रतिबन्धका कारण लिइएको हो।

राज्यको गृह विभागले दिएको जानकारीअनुसार शपथ ग्रहण समारोहमा सिक्किमका पूर्व राज्यपाल श्री गंगा प्रसादको पनि विशेष उपस्थिति रहनेछ।

यसैक्रममा, शपथ ग्रहण समारोहलाई लिएर पाल्जर स्टेडियममा भव्य तयारी युद्ध स्तरमा चलिरहेछ।

---------------------------------------X---------------------------------------

- **CM Meets Ganga Prasad**

यसैबीच, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज श्री गंगा प्रसादसित नयाँ दिल्लीस्थित पुरानो सिक्किम हाउसमा भेट गर्नुभयो।

भेट अवधि श्री प्रसादले हालै सम्पन्न चुनाउमा भएको विजयको निम्ति बधाई एवं शुभकामनाका दिएकोमा श्री तामाङले उहाँप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ।

श्री तामाङले यस अवधि उहाँको स्वास्थ्यबारे जानकारी लिँदै सुस्वास्थ्य, खुशी र समृद्धिको कामना गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- **CM Meets with Sikkim House Officials**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई आज सिक्किम हाउस, नयाँ दिल्लीमा प्रधान आवासीय आयुक्त श्री अश्वीनी कुमार चन्दसहित यहाँका अधिकारी एवं कर्मचारीहरूले स्वागत जनाए। यसका निम्ति श्री तामाङले खुशी व्यक्त गर्नुभएको छ।

उहाँले हालै सम्पन्न चुनाउमा भएको जितका निम्ति दिएको बधाई एवं शुभकामनाका निम्ति  सबैप्रति आभार व्यक्त गर्नुभयो।

---------------------------------------X---------------------------------------

- <u>IMD Weather</u>

दक्षिण पश्चिम मानसून आज मध्य अरब सागरका रहल भाग, उत्तरी अरब सागरका केही भाग र मुम्बईसहित महाराष्ट्रमा अघि बढ़ेको छ। मौसम विभागले भोलीसम्म दक्षिण कोंकण, गोवा, दक्षिण मध्य महाराष्ट्र, तटीय र उत्तरी कर्नाटकका छुट्टाछुट्टै स्थानहरूमा भारी वर्षाको पूर्वानुमान लगाएको छ।

मौसम विभागअनुसार अरुणाचल प्रदेश, असम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, उप-हिमालयी पश्चिम बंगाल र सिक्किममा आगामी सात दिनमा चट्याङसहित चालिस किलोमिटर प्रति घण्टाको गतीमा हावा चल्नका साथै हल्कादेखि मध्यम वर्षा हुनसक्नेछ।

-------------------------------------X-------------------------------------

- <u>Visit of NGT Chairman</u>

राष्ट्रिय हरित न्यायाधिकरणका अध्यक्ष न्यायमूर्ति प्रकाश श्रीवास्तवले मंगन जिल्लाका विभिन्न स्थानको भ्रमण गर्नुभयो। तीन दिवसीय भ्रमणका निम्ति गत सात जूनमा मंगन जिल्ला आइपुग्नुभएका न्यायमूर्ति श्रीवात्सवले लाचुङ जिरो पोइन्ट र गुरूदोङमार पोखरीको भ्रमण गर्दै सेनाकर्मी र लाचेनका पिपोनहरूसित अन्तरक्रिया गर्नुभयो। भ्रमण पूरा गरेर फर्कने क्रममा उहाँले मेरो रूख मेरो सन्तती योजनाअन्तर्गत नयाँ शिशुका अभिभावकहरूको साथमा कटाउ सड़कमा गुराँसको बिरूवा रोप्नुभयो।

यसअवधि लाचुङ जुमसाका पिपोन श्री पेमा वाङदी लाचुङपा, ITBP-का अधिकारीगण, पुलिसकर्मी, मंगनका DFO (टेरिटोरियल), वरिष्ठ परामर्षदाता डाक्टर BN शर्मा लगायत अन्य रहेका थिए।

उहाँले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको नेतृत्वमा राज्य सरकारले शुरू गरेको मेरो रूख मेरो सन्तती नामक कार्यक्रमप्रति खुशी व्यक्त गर्नुभयो।

-------------------------------------X-------------------------------------